# परिशिष्ट

## कठिनाइहरूमाथि विजयी हुने

भावी नयाँ चेलाहरूका कठिनाइहरूचाहिँ प्रश्नहरू, बहानाहरू, विरोधहरू र वादविवादहरूका रूपमा प्रकट हुन्छन् । तल छानिएका कठिनाइका किसिमहरू प्रतिनिधित्वात्मक हुन् । तिनीहरूमाथि विजय हुन सिक्नुहोस्! बाइबलीय पदहरूलाई अध्ययन गर्न नभूल्नुहोस् ।

### किसिम १: स्व-धर्मी

*"म असल धार्मिक व्यक्ति हुने कोशिश गरिरहेको छु ।"*

*"मैले सकेसम्म गरिरहेको छु ।"*

*"म अरूहरूजतिकै असल छु ।"*

यी अभिव्यक्तिहरू उनका आफ्नै धार्मीकतामा भरोसा राख्ने व्यक्तिबाट निस्केका हुन् । पाठ ४ मा निकोदेमसको विवरणलाई समीक्षा गर्नुहोस् । पाठ ७ मा उल्लिखित "जीवन यसको श्रेष्ठतामा पनि पर्याप्त असल छैन ।"

| **अवलोकनहरू** | **बाइबल पदहरू** |
|---|---|
| परमेश्वरको दृष्टिमा हाम्रा उत्तम कार्यहरू | यशैया ६४:६ |
| नीच हुन्छन् र उहाँको पवित्र स्तरसँग | लूका १८:९-१४ |
| पुग्न सक्दैनन् । | रोमी ३:१०, १२ |
| हाम्रा असल कामहरूले हाम्रा आत्माहरूलाई | |
| बचाउन सक्दैनन् | तीतस ३:५ |
| हामीले कोशिश गरेर होइन, तर मुक्तिदाताका | यशैया १२:२ |
| रूपमा येशू ख्रीष्टमा भरोसा राखेर उद्धार | प्रेरित १६:३१ |
| पाएका हौं | |

| | |
|---|---|
| येशू ख्रीष्ट मात्र मुक्तिदाता हुनुहुन्छ | प्रेरित ४:१२, हिब्रू ७:२५ |
| हामी सबै जनाले नयाँ जन्म पाउनै पर्छ | यूहन्ना ३:३,५ |
| परमेश्वरसँगको मिलापमा आउनका लागि येशूले गर्नु भएको काममा हामीले भरोसा राख्नै पर्छ | रोमी ३:२२-२६ |
| मुक्ति विश्वासद्वारा प्राप्त गरिने वरदान हो | रोमी ६:२३ |

---

## किसिम २: मुक्तिको बारेमा अनिश्चित

*"मैले उद्धार पाएको छु भनी म कसरी जान्न सक्छु ?"*

*"मैले कुनै भिन्नताको अनुभूति गरेकै छैन ।"*

मुक्तिको निश्चयता प्राप्त गर्नका लागि कुनै व्यक्तिलाई सहयोगको आवश्यकता पर्न सक्दछ। हाम्रो मुक्ति भावनाहरूमा होइन, तर तथ्यमा भरपर्छ भनी ती व्यक्तिलाई बताउनुपर्छ। भावना वा अनुभूतिहरू परिवर्तन हुन्छन्; परमेश्वरको वचन अपरिवर्तनीय अनन्त सत्यता हो। तथ्यचाहिँ यही हो कि परमेश्वरले ख्रीष्टद्वारा नै मुक्तिको उपाय जुटाउनुभएको छ। हामीले के गर्नैपर्छ र उहाँले के गर्नुहुनेछ भन्ने बारेमा उहाँले हामीलाई बताउनुभएको छ।

यी बाइबल पदहरूलाई उनीसँग एकसाथ पढ्नुहोस् : यूहन्ना ३:१६; ५:२४; ६:३७; ११:२५; रोमी १०:१३; १ यूहन्ना ५:११-१३; प्रकाश ३:२०।

ती व्यक्तिले गरेका कुरालाई फेरि अभिव्यक्त गर्ने आग्रह गर्नुहोस् : पापीका रूपमा उनले आफूलाई स्वीकार गरेका थिए, क्षमादानको निम्ति बिन्ती गरेका थिए, र आफ्ना मुक्तिदाताका रूपमा ख्रीष्टलाई ग्रहण गरेका थिए। अब, उनले आफ्नो भाग पूरा गरेका हुनाले परमेश्वरले गर्नुभएको उहाँको भागप्रति उनी निश्चित हुनसक्छन्-उनलाई क्षमा दिइएको छ, शुद्ध पारिएको छ र उनलाई अनन्त जीवन दिइएको छ। परमेश्वरले झूट बोल्नुहुन्न। यी व्यक्तिले तथ्यको रूपमा यसलाई ग्रहण गर्नैपर्छ, यसको निम्ति परमेश्वरलाई धन्यवाद दिनुपर्छ र परमेश्वरका बालकका रूपमा जिउन शुरु गर्नुपर्छ। आनन्द र शान्तिका अनुभूतिहरूले पछ्याउनेछन्।

## किसिम ३: ख्रीष्टियान जीवन जिउन सकिँदैन

*"ख्रीष्टियान जीवन अति नै कठिन छ।"*

*"त्याग्नुपर्ने धेरै कुरा त्यहाँ छ।"*

| **अवलोकनहरू** | **बाइबल पदहरू** |
| --- | --- |
| कुनै व्यक्तिको माथिबाटको जन्म | मत्ती ११:२८-३० |
| भएको छैन भने उनको निम्ति | मर्कूस ८:३६ |
| ख्रीष्टियान जीवन जिउनु अति नै | यूहन्ना १:१२ |
| कठिन हुन्छ। जीवन परिवर्तनद्वारा | रोमी १:१६ |
| ख्रीष्टियान जीवन जिउने इच्छा र शक्ति | |
| ख्रीष्टले दिनुहुन्छ। | |
| अनन्त दण्डबाट तपाईंको आत्माको | रोमी ६:२३ |
| मुक्तिको विषय यो हो भने त्यागनका | रोमी १५:१३ |
| लागि कुनै पनि कुरा ठूलो हुँदैन। | |
| यो त त्याग्नु भन्दा पनि एक व्यक्ति | फिलिप्पी ३:९ |
| र अचम्मको जीवनको प्राप्ति हो ! | |
| ख्रीष्टियान विश्वास ख्रीष्ट हुनुहुन्छ ! | |

---

## किसिम ४: अति व्यस्त

*"म अति व्यस्त छु; मसँग समय नै छैन।"*

*"कुनै अरु समयमा म विश्वास गरौंला।"*

जीवन अति नै अनिश्चित छ। ख्रीष्टमा विश्वास गर्ने अर्को मौका तपाईंले नपाउन सक्नुहुन्छ। परमेश्वरको मुक्तिको समय आज नै हो। "भोली" त शैतानको समयजस्तो देखिन्छ।

| **अवलोकनहरू** | **बाइबल पदहरू** |
| --- | --- |
| तिमीहरूले कसको सेवा गर्ने | यहोशू २४:१५ |
| हो आज नै निर्णय गर | |
| भोली के आइपर्ला भनी तपाईंलाई थाहा हुँदैन | हितोपदेश २७:१ |
| मुक्तिको दिन आज नै हो | यशैया ५५:६-७ |

२ कोरिन्थी ६:२
हिब्रू २:३, ३:७-८

## किसिम ५: सबै धर्महरू एउटै हुन्

*"भिन्नाभिन्नै बाटोहरू भएर हामी स्वर्गतर्फ लम्किरहेका छौँ।"*
*"एउटा धर्म अर्को धर्म जतिकै असल छ; सबैले तपाईंलाई असल गर्नू भनी सिकाउँछन्।"*
*"तपाईं इमानदार हुनुभयो भने तपाईंले जे विश्वास गर्नुभए पनि फरक पर्दैन।"*

यो लोकप्रिय विचार भए पनि यो ईश्वरीय प्रकाशको विपरीत छ। इमान्दारिताले मुक्तिको निश्चयता दिन सक्दैन। एक व्यक्ति इमान्दारितासाथ गलत हुन सक्छ।

| **अवलोकनहरू** | **बाइबल पदहरू** |
|---|---|
| तपाईंलाई ठीक लागेको बाटोले | हितोपदेश १४:१२ |
| अन्त्यमा मृत्युमा लैजानसक्छ | १६:२५ |
| येशूले घोषणा गर्नुभयो, "म ढोका हुँ ... म बाटो हुँ।" | यूहन्ना १०:७-९; १४:६ |
| हामीले उहाँको परमेश्वरत्व र | यूहन्ना ८:२४ |
| उहाँको मुक्तिदातात्वलाई स्वीकार गर्नैपर्छ | प्रेरित ४:१२ |
| त्यहाँ एउटै परमेश्वर र एउटै मध्यस्थ | १ तिमोथी २:५ |
| मानव येशू ख्रीष्ट हुनुहुन्छ | |

## किसिम ६: आफैमाथि भरपर्नु

*"म आफैमाथि भरपर्छु, किन मैले अर्कोमाथि भरोसा राख्नैपर्ने?"*

ती व्यक्तिलाई याद दिलाउनुहोस्: मानिसको सामर्थ्य नाश भईजानेछ, तर परमेश्वरको वचन सदासर्वदा रहिरहनेछ (यशैया ४०:६-८), र परमप्रभु परमेश्वरमात्र सम्पूर्ण रूपमा भरोसायोग्य हुनुहुन्छ (हितोपदेश ३:५)।

| **अवलोकनहरू** | **बाइबल पदहरू** |
|---|---|
| कसैले पनि आफैलाई उद्धार गर्न सक्दैन; मुक्तिदाता येशू ख्रीष्टले मात्र उद्धार गर्न सक्नुहुन्छ । | प्रेरित ४:१२<br>रोमी ५:६ |
| हामी सबै पापीहरू हौं । कसरी पापीहरूले आफैलाई उद्धार गर्न सक्छन् ? | रोमी ५:८-१० |
| परमेश्वरसँग हामी धर्मी ठहरिनका लागि येशूले गर्नुभएको काममा हामीले भरोसा राख्नैपर्छ । | रोमी ३:२२-२६ |
| धार्मिकतातर्फको मार्ग हाम्रा आफ्नै कामहरूद्वारा होइन, तर ख्रीष्टमा राखिएको विश्वासद्वारा मात्र हो | रोमी ४:३-५<br>एफिसी २:८-९ |

**किसिम ७: ख्रीष्टियानहरू कपटीहरू हुन्**

*"यो सबै धार्मिक शिक्षामा म विश्वास गर्दिन ।"*
*"ख्रीष्टियानहरू परस्पर विरोधी जीवन जिउँछन् ।"*

| **अवलोकनहरू** | **बाइबल पदहरू** |
|---|---|
| विचारपूर्ण व्यक्तिहरूले सर्वोच्च प्राणीको अस्तित्वलाई स्वीकार गर्छन् जसलाई हामी परमेश्वर भन्छौं | भजनसंग्रह १४:१<br>यूहन्ना १७:३ |
| ख्रीष्टियानहरूको विरोधाभासलाई एक व्यक्तिले बहानाको रूपमा प्रयोग गर्न सक्दैन । नकली (जाली) पैसाले सकली, असल पैसालाई बेकम्मा बनाउन सक्दैन । असल रूखले असल फल फलाउँछ । | मत्ती ७:१७-१८<br>मत्ती १२:३३ |
| स्वर्गमा हुनुभएका न्यायी परमेश्वरसँग न्यायका आफ्ना स्तरहरू छन् | रोमी २:१-११<br>रोमी १०:३ |
| हरेक व्यक्ति परमेश्वरप्रति जवाफदेही छ | रोमी १४:१२ |

## किसिम ८: कुनचाहिँ धर्म ठीक हो ?

*"कुनचाहिँ धार्मिक समूह ठीक छ भनी म कसरी जान्नसक्छु ?"*

*"धेरै किसिमका धर्महरूका कारण म अन्यौलमा परेको छु ।"*

समझदार भएर सम्बन्धित व्यक्तिसँग कुराकानी गर्नुहोस् । विश्वास र अभ्यासको स्तर पवित्र धर्मशास्त्र, बाइबल हो (१ यूहन्ना ४:१) । कुनै पनि धार्मिक समूहलाई जाँच गर्नको निम्ति उनलाई दिइने केही मार्गदर्शनहरू यहाँ छन् ।

| **अवलोकनहरू** | **बाइबल पदहरू** |
|---|---|
| परमेश्वर पिताले संसारका मुक्तिदाता | मत्ती १६:१६ |
| हुनका लागि आफ्ना पुत्रलाई पठाउनुभयो | प्रेरित ४:१२ |
| र परमेश्वरका पुत्र येशू आफ्नो | १ यूहन्ना ४:१४-१५ |
| स्वभावमा ईश्वरीय हुनुहुन्छ भनी | |
| के त्यस समूहले स्वीकार गर्छ ? | |
| येशू ख्रीष्ट अवतार, अर्थात् मानव | यूहन्ना १:१४ |
| शरीरमा परमेश्वर बन्नुभयो | १ कोरिन्थी १५:१२-२० |
| र येशू मृतकबाट शरीरमा बौरिउठ्नुभयो र | १ तिमोथी ३:१६ |
| स्वर्गारोहण गर्नुभयो भनी के त्यस समूहले | |
| स्वीकार गर्छ ? | १ यूहन्ना ४:२ |
| ख्रीष्ट र यूहन्ना, पत्रुस र पावलजस्ता | |
| चेलाहरूका अधिकारसँग के यो समूह सहमत छ ? | १ यूहन्ना ४:४-६ |
| के यस समूहले परमेश्वरको प्रेमको प्रमाण दिन्छ ? | |
| वा, के त्यहाँ चिसो कानूनवाद मात्र छ ? | १ यूहन्ना ४:७-८ |
| के यो समूहले पापको वास्तविकता र पापपूर्णतामा विश्वास राख्छ ? | |
| | रोमी ५:१२, १८, २१ |
| पापहरूलाई धुन र क्षमा दिन ख्रीष्टले | मत्ती २६:२८ |
| बगाउनुभएको रगतको दानलाई के यस समूहले स्वीकार गर्छ ? | |
| | १ यूहन्ना १:७ |
| के यस समूहले पवित्र आत्माको | रोमी ८:१६ |
| वरदान र उहाँ विश्वासीभित्र र विश्वासीमाथि | गलाती ४:६ |
| हुनसक्नुहुन्छ भनी विश्वास गर्छ ? | १ यूहन्ना ४:१३ |

हामीले भर्खरै मात्र उल्लेख गरेकाजस्तो धार्मिक विश्वास नभएका तर सत्यताको खोजी गरिरहेकाहरूसँग हामीले विचारशील भएर व्यवहार गर्नुपर्दछ। प्रेममा प्रस्तुत गरिनु भएका जीवित, उज्ज्वल येशूले मात्र तिनीहरूका हृदयहरूलाई जित्न सक्नुहुन्छ! यूहन्ना १०:१० र १ यूहन्ना ५:११-१२ हेर्नुहोस्।

किसिम ९: पारिवारिक भक्ति

*"म मेरो परिवार र पितापूर्खाहरूप्रति अनाज्ञाकारी हुन चाहन्न;*
*त्यसैले,*
*म मेरो परम्परगत धर्मलाई परिवर्तन गर्न चाहँदिन।"*

| **अवलोकनहरू** | **बाइबलपदहरू** |
|---|---|
| एक मात्र साँचो जीवित परमेश्वर | १ थेसलोनिकी २:१३ |
| पवित्र धर्मशास्त्रद्वारा आफैलाई | हिब्रू १:१-२ |
| प्रकट गर्न प्रसन्न हुनुभएको छ। | |
| आफ्ना अवतारी पुत्र, प्रभु येशू | यूहन्ना १:१८ |
| ख्रीष्टमा पनि परमेश्वरले आफैलाई | ३ तिमोथी ३:१५ |
| प्रकट गर्नुभएको छ। | |
| इतिहासमा धेरै धार्मिक अगुवाहरू | प्रेरित ४:१२ |
| भए पनि, त्यहाँ एकमात्र मुक्तिदाता हुनुहुन्छ। | १ तिमोथी २:५-६ |
| परमेश्वरलाई आदर गर्नेहरूलाई | १ शमूएल २:३० |
| परमेश्वरले पनि आदर गर्नुहुनेछ। | |
| विश्वासीले पनि आफ्ना आमाबाबु | प्रस्थान २०:१२ |
| र वृद्ध मानिसहरूलाई आदर गर्नैपर्छ। | लेवी १९:३२ |
| उनी आफ्नो परिवार र पितापुर्खाप्रति | हिब्रू १२:२-३ |
| आज्ञाकारी हुनसक्छन्, तर सबैभन्दा बढी | हिब्रू १:३-७ |
| प्रभुप्रति आज्ञाकारी हुनुपर्छ। | |
| उनले स्वर्गदूतहरू, सन्तहरू, धामी–झाँक्रीहरू, | प्रस्थान २०:५-६ |
| मूर्तिहरू, पितापुर्खाहरू वा आकृतिहरूलाई होइन | यूहन्ना ४:२३-२४ |
| तर पवित्र आत्माको शक्तिमा एक मात्र परमेश्वरलाई | |
| आराधना गर्नैपर्दछ। | प्रकाश २२:८-९ |

## *औँलोटुप्पो बाइबल खण्डहरू*

| | |
|---|---|
| मुक्तिको यथार्थता | १ तिमोथी १:१५ |
| मुक्तिको उपाय | रोमी १०:१३ |
| सबैले पाप गरेका छन् | रोमी ३:२३ |
| परमेश्वरको प्रेमको वरदान | यूहन्ना ३:१६ |
| खुला ढोका | प्रकाश ३:२० |
| खीष्टद्वारा मात्र मुक्ति | प्रेरित ४:१२ |
| साक्षी हुने शक्ति | प्रेरित १:८ |
| परमेश्वरको प्रेमको प्रकट | यूहन्ना १:१८ |
| उहाँको कृपाद्वारा उद्धार पाएका | तीतस ३:५ |
| येशूले विश्राम दिनुहुन्छ | मत्ती ११:२८-२९ |
| परमेश्वरको प्रेरणापाएको वचन | २ तिमोथी ३:१६-१७ |
| नयाँ जीवन | २ कोरिन्थी ५:१७ |
| उहाँका पुत्रमा जीवन | १ यूहन्ना ५:११-१२ |